# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८१ बैशाख देखि असारसम्म

सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण


बागमती प्रदेश सरकार

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

हेटौंडा, मकवानपुर ।


प्रदेश सचिव

सूचना अधिकृत

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

**कार्यालयको नामः उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, हेटौंडा, बागमती प्रदेश**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

**अवधिः २०८१ बैशाख देखि असार मसान्तसम्म**

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८०।०५।०५ को निर्णयबाट उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको प्रमुख कार्यक्षेत्रमा प्रदेश भित्रको उद्योग, कलकारखाना, खानी खनिज, व्यापार तथा वाणिज्य, मानव संशाधन योजना, तालिम नीति एवम् भूमि व्यवस्थापन आदिको नीतिगत एवम् अन्य व्यवस्था आदि पर्दछन्।

## २. निकायको काम, कर्तव्य र अधिकार

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारी देहाय अनुसारको रहेको छ।

१. व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण

२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन

३. ढुवानी/ परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन

४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता

५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन

६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत, संकलन, अभिलेखाङ्कन, अन्वेषण र व्यवस्थापन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय

७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी

८. कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

९. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन

१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार

११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन

१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड, तर्जुमा, कार्यान्वयन र नियमन

शाखा अधिकृत
उपसचिव
प्रदेश सचिव

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

१३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय

१४. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण नियमन र सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय

१५. संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन

१६. उपभोक्ता अदालत गठन र सञ्चालन

१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय

१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान नियमन

१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन

२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन

२१. दामासाहीमा परेका उद्योग, व्यवसायीका कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

२२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन

२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन

२४. प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

२५. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन

२६. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग

२७. स्वरोजगारको लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन

२८. टाट पल्टेको र दामासाही सम्बन्धि

२९. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन

३०. प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीयकरण

३१. औद्योगिक प्रतिष्ठानहरु सञ्चालन, व्यवस्थापन तथा संघीय सरकारसँगको समन्वयमा अनुगमन तथा नियमन

३२. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू- उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन

३३. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन

३४. जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन

प्रदेश सचिव

शाखा अधिकृत

उपसचिव

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

३५. संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन

३६. नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना

३७. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन

३८. भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरुवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन


३९. सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

४०. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन

४१. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय

## ३. निकायमा रहने कर्मचारीको संगठन संरचना

३.१ स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस कार्यालयको संगठन संरचना यस प्रकार रहेको छ।




प्रदेश सचिव

शाखा अधिकृत

उपसचिव

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

३.२ मन्त्रालयको स्वीकृत दरवन्दी तेरिज देहायबमोजिम रहेको छ ।

| उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय,हेटौंडा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| दरवन्दी तेरीज | | | | | | | | | |
| | | | तह | प्रस्तावित रवन्दी | | | | | |
| क.सं. | पद | सेवा/समुह | | मौजुदा स्विकृत दरवन्दी | यस आ.व. मा स्विकृत अस्थायी दरवन्दी | हालको स्विकृत दरवन्दीमा घट | हालको स्वीकृत दरवन्दीमा बढ | कायम दरवन्दी | प्रस्तावित अस्थायी |
| १ | प्रदेश सचिव | प्रशासन/सा.प्र. | अधिकृतस्तर एघारौं | १ | | ० | ० | १ | |
| २ | महाशाखा प्रमुख | प्रशासन/सा.प्र. | अधिकृतस्तर नवौं/दशौं | २ | | ० | ० | २ | |
| ३ | महाशाखा प्रमुख | ईन्जिनियर/सर्भे | अधिकृतस्तर नवौं/दशौं | १ | | ० | ० | १ | |
| ४ | अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर सातौं/आठौं | ७ | | ० | ० | ७ | |
| ५ | कम्प्युटर इन्जिनियर | इन्जि | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ६ | वन अधिकृत | वन/जनरल फरेष्ट्री | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ७ | लेखा अधिकृत | प्रशासन/लेखा | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ८ | कानुन अधिकृत | न्याय/कानून | रा.प.तृतीय | १ | | ० | ० | १ | |
| ९ | तथ्याङ्क अधिकृत | विविध/प्रशासन | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | १ | १ | |
| १० | नापी अधिकृत | इन्जी/सर्भे | अधिकृतस्तर सातौं/आठौं | २ | | ० | ० | २ | |
| ११ | मेकानिकल ईन्जिनियर | इन्जि/मेकानिकल | अधिकृतस्तर सातौं/आठौं | ० | ० | ० | ० | ० | १ |
| १२ | भू-गर्भ विद | प्राविधिक | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | १ | १ | |
| १३ | सर्भेयर | इन्जी/सर्भे | सहायक पाँचौ/अधिकृतस्तर छैठौं | २ | | ० | ० | २ | |
| १४ | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | सहायक पाँचौ/अधिकृतस्तर छैठौं | ८ | | ० | ० | ८ | |
| १५ | तथ्याङ्क सहायक | तथ्याङ्क | सहायक पाँचौ/अधिकृतस्तर छैठौं | १ | | ० | ० | १ | |
| १६ | लेखापाल | प्र/लेखा | सहायक चौथो/पाँचौं | १ | | ० | ० | १ | |
| १७ | कप्युटर अपरेटर | विविध | सहायक चौथो/पाँचौं | २ | | ० | ० | २ | |
| १८ | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | श्रेणी विहिन | ६ | | ० | ० | ६ | |
| १९ | हलुका सवारी चालक | इन्जी/मेकानिकल | श्रेणी विहिन | ४ | | ० | ० | ४ | |
| | | | जम्मा | ४१ | ० | ० | २ | ४३ | १ |

## ४. निकायबाट प्रदान गरिने सेवा

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका नीतिगत र कार्यात्मक निर्णयहरु तथा मातहतका कार्यालयहरुबाट सेवा प्रवाहजन्य कार्यहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका सेवाहरु स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण अनुसारका पदस्थापना वा जिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रचलित नियम बमोजिम प्रवाह हुने गरेको छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| १ | श्री राजेन्द्र कुमार के.सी. | प्रदेश सचिव | – |
| २ | श्री इमनाथ कंडेल | महाशाखा प्रमुख/उप-सचिव | प्रशासन तथा योजना महाशाखा |
| ३ | श्री महेशराज पौडेल | अधिकृत /अधिकृतस्तर नवौं | उद्योग तथा वाणिज्य महाशाखा |
| ४ | श्री महेशराज पौडेल | अधिकृत /अधिकृतस्तर नवौं | भूमि व्यवस्थापन तथा नक्शाङ्कन महाशाखा |

शाखा अधिकृत

प्रदेश सचिव

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| ५ | श्री संघर्ष सक्षम मिश्र | वन अधिकृत /अधिकृतस्तर आठौं | वातावरण शाखा |
| ६ | श्री प्रमोद सिंखडा | योजना अधिकृत/ अधिकृतस्तर आठौं | योजना तथा अनुगमन शाखा |
| ७ | श्री टिका शर्मा | अधिकृत /अधिकृतस्तर आठौं | कर्मचारी प्रशासन शाखा |
| ८ | श्री सरस्वती पौडेल | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा |
| ९ | श्री मनोज कुमार गुप्ता | कानून अधिकृत | कानून तथा फैसला कार्यान्वयन शाखा |
| १० | श्री हरि प्रसाद भट्ट | नापी अधिकृत/अधिकृतस्तर सातौं | भूमि शाखा |
| ११ | श्री अंगद लामिछाने | नापी अधिकृत/अधिकृतस्तर सातौं | भू सूचना प्रविधि शाखा/ उद्योग शाखा |
| १२ | श्री लक्ष्मी हुमागाईं | अधिकृत /अधिकृतस्तर छैठौं | प्रशासन शाखा/ सचिवज्यूको सचिवालय |
| १३ | श्री ध्रुब अर्याल | सर्भेयर/ सहायक पाँचौं | भूमि शाखा |
| १४ | श्री निशा दाहाल | लेखापाल | आर्थिक प्रशासन शाखा |
| १५ | श्री सन्तोषी तिवारी | क.अ. | कर्मचारी प्रशासन शाखा |
| १६ | श्री सागर घिमिरे | क.अ. | मन्त्रीज्यूको नीजि सचिवालय |
| १७ | श्री महेन्द्र बहादुर क्षेत्री | का.स | दर्ता चलानी शाखा |
| १८ | विजय पौडेल | ह.स.चा. | |
| १९ | फत्ये ब.आले मगर | ह.स.चा. | |
| २० | सुमित श्रेष्ठ | ह.स.चा. | |
| २१ | दिपेन्द्र श्रेत्री | ह.स.चा. | |
| २२ | सुनिता सापकोटा | का.स. | |
| २३ | रिता देवी पन्त | का.स. | |
| २४ | संजीव लामा गोले | का.स. | |
| २५ | अनिसा ओझा | का.स. | |
| २६ | चमेली बिष्ट | का.स. | |

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित नियम अनुसार ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

माननीय मन्त्री, प्रदेश सचिव तथा अधिकार प्रत्यायोजन भएका अधिकारीहरुबाट प्रचलित नियमानुसार निर्णय गर्ने व्यवस्था छ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस कार्यालयमा विभिन्न शाखा/महाशाखाहरूबाट गरिएका निर्णयहरु उपर मन्त्रालयका प्रदेश सचिवज्यूसमक्ष उजुरी वा गुनासो राख्न सकिनेछ ।

९. सम्पादन गरेका कामको विवरण

प्रदेश सचिव

शाखा अधिकृत

उपसचिव

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

आर्थिक वर्ष २०८०/८१ को सुरुवातदेखि असार मसान्तसम्मको अवधिमा मन्त्रालयबाट सम्पादन भएका क्रियाकलाप तथा गतिविधिहरुको विवरण यस प्रकार छ ।

- प्रदेशको उद्योग प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्ने "प्रदेश औद्योगिक व्यवसाय ऐन" तथा "प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन" को समयानुकुल संशोधन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय एवम् आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग राय मागको आवश्यक प्रक्रिया सुरु गरिएको छ ।
- उपभोक्ता हित संरक्षण र बजार अनुगमन सम्बन्धमा साविकमा रहेको "प्रदेश स्तरीय संयुक्त बजार अनुगमन निर्देशिका २०७५" लाई विस्थापन गरी "प्रदेश स्तरीय संयुक्त बजार व्यवस्थापन अनुगमन निर्देशिका, २०८०" मन्त्रिपरिषदबाट स्वीकृत गरी कार्यान्वयन सुरु भएको छ ।
- प्रदेश भित्र सञ्चालन हुने उद्योग, व्यापार लगायतका अन्य यस्तै प्रकृतिका मेला, महोत्सवहरुको प्रवर्द्धन गर्नका लागि "मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" मन्त्रिपरिषदबाट स्वीकृत गरी सोही बमोजिम कार्यक्रम सम्पन्न समेत भईसकेका छन् ।
- नवप्रवर्तनको विकास एवम् विस्तार गर्दै नविनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न प्रदेशको स्रोत, साधन, सृजना र सीपको उच्चतम प्रयोग गरी उद्यम गरिरहेका उत्कृष्ट उद्यमीको छनौट तथा सम्मान प्रदान गर्ने कार्यलाई "नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड २०८०" जारी गरी बागमती प्रदेश भित्रका ३ उत्कृष्ट उद्योगहरुलाई नगद तथा सम्मानपत्र सहित सम्मान गरिएको छ ।
- संविधान दिवस २०८० को अवसरमा बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेश हस्तकला प्रदर्शनी आयोजना गरिएको छ भने प्रदेश भित्रका अन्य विभिन्न स्थानहरुमा आयोजित मेला महोत्सवमा प्रदेश सरकारको तर्फबाट सक्रिय सहभागिता जनाइएको छ ।
- विद्यमान नीतिगत एवम् कानुनी व्यवस्थाहरुका सम्बन्धमा सरोकारवालाहरुको राय, परामर्श, सुझाव ग्रहण गर्ने कार्यलाई तिव्रता दिईएको छ । यस बीचमा उद्योग तथा वाणिज्य कार्यालयहरु (साविकका जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरु) को आयोजनामा प्रदेश भित्रका सबै सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गरी सहभागी भएका भुँई तहदेखिका उद्योगी, व्यवसायीहरुका पिरमर्का, गुनासो सुन्ने कार्य भएको छ।
- घरेलु तथा साना उद्योग महासंघ केन्द्रिय समितिको संयोजनमा भएको "नीति संवाद" कार्यक्रममा प्रदेश सरकारको तर्फबाट उद्योग तथा वाणिज्य क्षेत्रको नीतिगत तथा कानुनी सुधारको लागि प्रस्तावित संशोधन विधेयकमा अन्तर्क्रिया गरिएको छ।
- निर्माण सम्पन्न भई सञ्चालनको चरणमा रहेका कोशेली घरहरुलाई स्थानीय तहहरु तथा सरोकारवालाहरुलाई हस्तान्तरण गरी व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न "भौतिक पूर्वाधार संरचना हस्तान्तरण सम्बन्धी कार्यविधि" तयार गरी स्वीकृतिको चरणमा पुगेको छ ।

शाखा अधिकृत

प्रदेश सचिव



उपसचिव

- उद्योग प्रशासनलाई सेवाग्राही र प्रविधिमैत्री बनाउने र उद्योग तथा व्यवसायको स्थापना सञ्चालन र बहिर्गमन सम्बन्धी सेवालाई थप सरल र प्रविधिमैत्री बनाउने हेतुले साविकको मन्त्रालयबाट निर्मित उद्योग व्यवसाय र व्यापार व्यवसाय सम्बन्धी Online Software हरुलाई समय सापेक्ष Upgrade गरी तत्काल घरबाटै सेवाग्राहीले सेवा प्राप्त गर्न सकिने र मन्त्रालयले सो बारे अनुगमन गर्न सकिने गरी तयारी गरिएको छ ।
- उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिष्पर्धा कायम गर्दै उपभोग्य वस्तुको आधारभूत गुणस्तर कायम गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइएको छ । साथसाथै, उपभोक्ता सचेतनाको कार्यलाई विद्यालय, नीजि क्षेत्र एवम् अन्य सरोकारवालाहरुसँगको सहकार्यमा जनमानससम्म पुऱ्याइएको छ । चाडपर्वको समयमा आकस्मिक तथा अन्य समयमा नियमित रुपमा गरी कुल ३०५ पटक बजार अनुगमन गरिएको छ ।
- काठमाडौं उपत्यका लगायतका सम्भाव्य स्थानहरुमा हस्तकला ग्राम निर्माण गरी काष्ठ कला प्रस्तर कला जस्ता मौलिक पहिचानलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा स्थापित गर्ने उद्देश्यका साथ "प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०" प्रदेश सभामा दर्ता गरिएको छ, जुन विषयगत समितिमा विचाराधीन छ ।
- उद्यमी व्यवसायीहरुलाई प्रोत्साहन गरी लगानीमैत्री वातावरण तयार गरी निर्यातजन्य उत्पादन अभिवृद्धि गरी उनीहरुको सिप संरक्षण गरी पचास प्रतिशतको लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न चालु आर्थिक वर्ष २०८०।०८१ का लागि कुल विनियोजित रु. ६ करोड ६० लाख मध्ये करिब ८०% रकम खर्च भएको छ । त्यस्तै, सीप विकास तालिमका लागि विनियोजित बजेट करिब रु. ८ करोड ५० लाख मध्ये ८८% रकम खर्च गरी प्रदेश भित्र उद्यमशीलता तथा सीप विकासको कार्यमा उद्यमीहरुलाई सहयोग गरिएको छ ।
- बडादशैं, दिपावली तथा अन्य पर्वहरुको अवसरमा साल्ट ट्रेडिङ कर्पोरेसनसँगको सहकार्यमा प्रदेश भित्रका २४ स्थानमा चाडपर्व लक्षित सुपथ मुल्य पसलहरु सञ्चालन गरिएको छ ।
- "स्वदेशी उत्पादन अभियानः उद्यमीको सम्मान" भन्ने नाराका साथ नवौं उद्योग दिवसको अवसरमा प्रदेश भित्रका १३ वटै जिल्ला कार्यालयहरु तथा निर्देशनालयको आयोजनामा सरोकारवालाहरु सँगको अन्तर्क्रिया, छलफल तथा गोष्ठी कार्यक्रम सञ्चालन गरिएको छ।
- चालु आर्थिक वर्ष २०८०।०८१ मा यस मन्त्रालय मातहतका निर्देशनालय, १३ वटै जिल्लाका उद्योग तथा वाणिज्य कार्यालयहरुबाट हालसम्म करिब ८८२२ औद्योगिक तथा व्यापारिक फर्महरु दर्ता भएको छ।
- प्रदेशको उद्योग तथा लगानी प्रवर्द्धन समितिको बैठकले अनुसूची-१ बमोजिमको सहमति लिनुपर्ने ९ वटा उद्योगहरुलाई सहमति दिइएकोछ ।

शाखा अधिकृत

उपसचिव

प्रदेश सचिव

- प्रदेश भित्रका विभिन्न जिल्ला कार्यक्षेत्र भएका र प्रचलित वातावरणीय कानुनले IEE स्वीकृत गर्नुपर्ने भनी तोकेका १७ वटा उद्योगहरुको प्रारम्भिक वातावरणीय अध्ययनको प्रतिवेदनलाई स्वीकृति प्रदान गरिएको छ।
- प्रदेश भित्र स्थानीय स्तरमा उत्पादित घरेलु मदिराको व्यवसायिक प्रवर्द्धन र खानी तथा खनिजजन्य पदार्थको उत्पादन तथा प्रयोग गर्ने उद्योगका सम्बन्धमा सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको छ ।
- प्रदेश भित्र रहेका गुठी जग्गाहरुको अध्ययन, नक्सांकन, GIS DATABASE र लगत तयार गर्ने कार्यक्रम अन्तर्गत पहिलो चरणमा नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका भित्रका गुठी जग्गाहरुको अध्ययन गरी प्रतिवेदन तयार गरी सम्बन्धित सरोकारवालाहरुसम्म पुऱ्याइएको छ ।
- प्रदेश भित्रका स्थानीय बजारहरुको प्रवर्द्धन तथा स्थानीय उत्पादनहरुको सहज व्यापार विस्तारलाई सहजीकरण गर्न प्रदेश स्तरीय बजारीकरणको सम्भावना अवलोकन भ्रमण तथा अन्तर्क्रिया कार्यक्रम अन्तर्गत रामेछाप जिल्लाको जुनार एवम् नुवाकोट जिल्लाको ट्राउटको व्यापार विस्तार तथा विकास सम्बन्धमा कार्यक्रम सम्पन्न भएको छ ।
- प्रदेश भित्र उपभोक्ता हित संरक्षण गर्न सञ्चालन गरिने बजार अनुगमनका क्रममा कैफियत देखी परिक्षण गर्नुपर्ने गरी जफत भएका खाद्य वस्तु, निर्माण सामाग्री एवम् अन्य वस्तुहरुको परिक्षण गर्न प्रदेशको राजधानी हेटौंडामा प्रदेश स्तरीय गुणस्तर परिक्षण प्रयोगशाला स्थापना सम्बन्धमा सम्भाव्यता अध्ययन तथा डिपीआर तयारी गरिएको छ ।
- प्रदेश भित्र हस्तकलाको विकास, संरक्षण तथा सम्वर्द्धन गर्ने हेतुले सम्भावित स्थानहरुमा हस्तकलाग्राम स्थापना सम्बन्धमा सम्भाव्यता अध्ययन तथा डिपीआर तयारी गरिएको छ । त्यस्तै, भक्तपुरको चाँगुनारायण ७ मा साँस्कृतिक औद्योगिक ग्राम निर्माणको सम्भाव्यता अध्ययन सम्पन्न भएको छ ।

१०. कार्यालय प्रमुख (प्रदेश सचिव) को नामः श्री राजेन्द्र कुमार के.सी.

११. प्रवक्ताको नामः श्री इमनाथ कडेल

१२. सूचना अधिकारीको नाम र पदः श्री प्रमोद सिंखडा (योजना अधिकृत, अधिकृतस्तर आठौं)/
सम्पर्क नं: ९८५५०३१२६४

१३. कार्यालयको **Website:** *https://moicla.bagamati.gov.np/*

१४. मन्त्रालयको सम्पर्क नं. *०५७-५९०२६४,*

- *इमेल : moiclrbagamati@gmail.com , moicla@bagamati.gov.np*

१५. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस अवधिमा जारी भएका नयाँ कानुनहरुको सूची यस प्रकार छ ।

- प्रदेशस्तरिय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८०
- मेला महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८०

शाखा अधिकृत

उपसचिव

प्रदेश सचिव

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## १६. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यस कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट भएको खर्चको विवरण यस प्रकार रहेको छ ।

चालु खर्च (रकम रु. हजारमा)

| क्र.सं. | ब.उ.शी.नं. | सव.ब.उ.शी.नं./कार्यालयको नाम | कुल बजेट | आ.व.२०८०/०८१ को | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | खर्च | खर्च प्रतिशत | |
| १ | ३२५०१०१४३ | उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय (चालु) | २४९६५ | ११२९२ | ४६.०८ | |
| २ | ३२५००११२३ | उद्योग विकास तथा बजार अनुगमन (चालु) | २०४३५३ | १५५८३४ | ७९.४७ | |
| ३ | ३२५०१०१२३ | घरेलु तथा साना उद्योग कार्यालयहरु (चालु) | १४९४४७ | १०३२१६ | ७३.८३ | |
| ४ | ३२५०००११३ | पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय (चालु) | ५४८९९.९१ | २७३२९.५२ | ४९.७८ | |
| | जम्मा | | ४३३६६५ | २९७६७२ | ६८.६४ | |

पुँजीगत खर्च (रकम रु. हजारमा)

| क्र.सं. | ब.उ.शी.नं. | सव.ब.उ.शी.नं./कार्यालयको नाम | कुल बजेट | आ.व.२०८०/०८१ को | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | खर्च | खर्च प्रतिशत | |
| १ | ३२५०१०१४४ | उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय (पूँजीगत) | ४५० | ४५० | १०० | |
| २ | ३२५००११२४ | उद्योग विकास तथा बजार अनुगमन (पूँजीगत) | ४०४०० | २१५१२ | ४४.४५ | |
| ३ | ३२५०१०१२४ | घरेलु तथा साना उद्योग कार्यालयहरु (पूँजीगत) | ३२३१० | २०३१० | ३७.८९ | |
| ४ | ३२५०००११४ | पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय (पूँजीगत) | ७९१० | ७५८७.१ | ९५.९२ | |
| | जम्मा | | ८१०७० | ४९८५९ | ६१.५० | |

## १७. मन्त्रालय तथा मातहतका निकायहरुबाट संकलित राजश्वको विवरण:

(रकम रु. हजारमा)

| क्र.सं. | राजश्व ख.शी.नं. | राजश्व शिर्षक | आ.व. २०८०/०८१ मा संकलित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १४१५१ | सरकारी सम्पतिको बहालबाट प्राप्त आय | ८२२.९३८ | |

शाखा अधिकृत          प्रदेश सचिव

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २ | १४२१२ | सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम | ५०६.८९१ | |
| ३ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ०.१०० | |
| ४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २०६९.७६१ | |
| ५ | १४२५३ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | २५०१६०.६२७ | |
| ६ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३१८३.५३० | |
| ७ | १४५२९ | अन्य राजश्व | ११४.७२० | |
| ८ | १५१११ | बेरुजु | १०७.०८० | |
| जम्मा | | | २५६९६५.६४७ | |

शाखा अधिकृत

उपसचिव

प्रदेश सचिव